सिरानचोक गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष श्री रीता देवकोटा ज्यूद्वारा प्रस्तुत

# आर्थिक बर्ष २०८३/०८४ को बजेट वक्तब्य

सिरानचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छोप्राक,गोरखा
गण्डकी प्रदेश, नेपाल
२०८३/०३/१०

CamScanner

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८३/८४ को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**आम्दानी तर्फः**

१ गाउँपालिकाले संघीय सरकार मार्फत प्राप्त गर्ने अनुदान मध्ये वित्तीय समानिकरणमा रु.१३ करोड ९ लाख रुपैयाँ,

२ संघीय सरकारको राजश्व बाँडफाँड बापत रु. ८ करोड ७४ लाख ५३ हजार रुपैयाँ,

३ सशर्त अनुदानमा रु. ३२ करोड ९० लाख रुपैयाँ,

४ प्रदेश सरकार मार्फत वित्तीय समानिकरणमा रु. १ करोड ८१ लाख १७ हजार रुपैयाँ,

५ प्रदेश सरकारको राजश्व तर्फ ९ लाख २३ हजार ७ सय १७ रुपैयाँ अनुमान गरिएको छ।

६ राजश्वको दायरा फराकिलो गर्दै एकीकृत सम्पत्तिकर, भूमिकर/मालपोत कर, घरवाहाल कर, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर र व्यवसाय रजिष्ट्रेशन दस्तुर, ढुङ्गा, गिटी, बालुवा, दहत्तर वहत्तर तथा अन्य विक्रीबाट गरी कुल आन्तरिक राजश्व तर्फ रु. २ करोड १५ लाख रुपैयाँ आम्दानी अनुमान गरिएको छ।

७ आ.व २०८२/०८३को अनुमानित रु. ३ करोड ९५ लाख रुपैयाँ बाँकी रहने अनुमान गरेको छु।

८ संघीय सरकारको समपूरक अनुदान १ करोड ७५ लाख रुपैयाँ,

९ संघीय सरकार विशेष अनुदानमा ८३ लाख रुपैयाँ,

१० प्रदेश सरकारको समपूरक अनुदान ६० लाख रुपैयाँ,

११ प्रदेश सरकार विशेष अनुदानमा ४० लाख रुपैयाँ गरी,

१२ कुल बजेट जम्मा रु. ६६ करोड ३१ लाख ९३ हजार ७ सय १६ रुपैया अनुमानित आय पेश गरेको छु ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८३/८४ को अनुमानित व्ययको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क. तलव तथा प्रशासनिक खर्च(स्थायी कर्मचारी, अस्थायी कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मी) तर्फः रु. ३३ करोड ३५ लाख ३० हजार २ सय ९८ रुपैया

ख. विषयगत क्षेत्र योजनाको लागि आवश्यक रकमः रु. ११ करोड ६९ लाख ५ सय ३६ रुपैया

ग. वडागत सिलिङ रकमः रु. ४ करोड ५१ लाख ६३ हजार ७ सय ६७ रुपैया

घ. गाउँपालिका गौरवका आयोजना, प्रसाशकिय भवन तथा अन्य महत्वपूर्ण योजनाका लागि : रु. ६ करोड ८६ लाख रुपैया

ङ. सशर्त अनुदान कार्यान्वयनः रु. ३२ करोड ९० लाख रुपैया

च. समपूरक अनुदान कार्यन्वयन : रु. ४ करोड ७० लाख रुपैया

छ. विशेष अनुदान कार्यान्वयनः रु. १ करोड २३ लाख रुपैया

अब विषय क्षेत्रगत रुपमा मुख्य कार्यक्रम तथा विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहन्छु।

**क. आर्थिक विकास क्षेत्रः**

आर्थिक विकास क्षेत्र तर्फका लागि रु. १ करोण ९९ लाख १५ हजार ०९ रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत

- कृषि तथा भूमि व्यवस्थाका लागि रु. ८५ लाख १६ हजार ६ सय १ रुपैया,
- सिंचाईका लागि रु. १२ लाख १२ हजार ४ सय ५१ रुपैया,

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु**

१. सिरानचोक गाउँपालिकाको आ.ब. को २०८३/०८४ को राजश्व र व्ययको अनुमान प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु।

२. संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि भएका सबै आन्दोलनका क्रममा अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राजनैतिक परिवर्तनका लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेता गणहरुको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै आन्दोलनको क्रममा बेपत्ता, घाईते, अपाङ्गता एंव पीडित भएका समपूर्ण नागरिक प्रति उच्च सम्मान प्रकट गर्दछु।

३. सिरानचोकबासीको बृहतर हितलाई केन्द्रबिन्दुमा राखी नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४,नेपाल सरकारको आ.ब. २०८३।०८४ को नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, सोहौं योजना तथा बिभिन्न आवधिक योजनाहरुको मर्म, सिरानचोक गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक योजना, सिरानचोक गाउँपालिकाको विज्ञ सभाको मार्गदर्शन तथा सल्लाह सुझावका आधारमा बजेट तर्जुमा गरेको छु।

४. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न तथा विकासप्रति सिरानचोकवासीको चाहाना, आवश्यकता र सामर्थ्य तथा राजश्व परिचालनको सीमित दायरालाई दृष्टिगत गरी स्रोत साधनको न्यायोचित परिचालनमा जोड दिएको छु।

५. "समृद्ध ऐतिहासिक सिरानचोकको शान: दिगो विकासको अभियान" ले तय गरेको मार्गचित्र पूरा गर्न उत्पादन र उत्पादकत्व वृद्धि, उद्यमशिलता विकास, दिगो रोजगारी सिर्जना, सिरानचोकवासीको हित, अभिवृद्धि र गाउँपालिकाको समग्र विकासमा जोड दिएको छु।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**
**अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

**६.. बजेटका उद्देश्य देहाय बमोजिम छन।**

- दिगो आर्थिक बृद्धि हाँसिल गरि गरीवि न्यूनिकरण गर्ने।
- गुणस्तरीय र आधुनिक पूर्वाधार विकास गर्ने।
- आधुनिक प्रविधिमा दक्ष र उत्पादनशील मानव पूजिँ निर्माण गर्ने।
- सामाजिक संरक्षण एंव विकासको माध्यमबाट सामाजिक न्याय कायम गर्ने।
- गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवाह गर्ने।

**७. बजेटका प्राथमिकता देहाय बमोजिम छन।**

- दिगो र उत्थानशिल पूर्वाधार निर्माण।
- उद्यमशिलता, रोजगारी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि।
- सामाजिक न्याय र समतामूलक समाजको निर्माण।
- सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा।
- गुणस्तरीय सेवा प्रवाह र सुशासन।



CamScanner

- पशुपन्छी विकास तर्फ रु. १६ लाख १६ हजार ६ सय २ रुपैया
- सहकारी तथा गरिवी निवारणमा रु. ४ लाख ४ हजार १सय ५० रुपैया,
- उद्योग वाणिज्य तथा आपूर्तिमा रु. १९ लाख १२ हजार ४ सय ५१ रुपैया,
- सम्पदा संस्कृति तथा पर्यटनमा रु. ८० हजार ८ सय ३० रुपैया र
- श्रम तथा रोजगारी प्रवर्धनमा रु.५४ लाख ४४ हजार ४ सय ५१ रुपैया विनियोजन गरेको छु।

**ख. सामाजिक क्षेत्र:**

सामाजिक विकास क्षेत्रका लागि रु. ३४ करोड ३३ लाख २४ हजार ५ सय १४ रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत

- स्वास्थ्य तथा पोषणमा रु. ६ करोण ८६ लाख ३१ हजार १ सय २८ रुपैया,
- शिक्षा, विज्ञान तथा प्रविधिमा रु. २६ करोण ८० लाख २४ हजार ९ सय ३ रुपैया,
- खानेपानी तथा सरसफाईमा रु. ३० लाख ३१ हजार १ सय २८ रुपैया,
- युवा, खेलकुद तथा नवप्रवर्तन मा रु. २४ लाख २४ हजार ९ सय ३ रुपैया र
- महिला बालबालिका तथा समाज कल्याणमा रु. १२ लाख १२ हजार ४ सय ५१ रुपैया विनियोजन गरेको छु।

**ग. पूर्वाधार क्षेत्र:**

पूर्वाधार विकास क्षेत्रका लागि रु. ३ करोड ५६ लाख २४ हजार ५ सय १४ रुपैयाँ विनियोजन गरेको छु। जस अन्तर्गत

- भवन, आवास, वस्ती तथा शहरी विकासका लागि रु. २४ लाख ४३ हजार ५ सय ८० रुपैया,
- सडक, पुल तथा यातायात व्यवस्थाका लागि रु. ४८लाख ४९ हजार ८ सय ६ रुपैया,
- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जामा रु. १८ लाख १८ हजार ६ सय ७७ रुपैया र
- सूचना तथा सञ्चारमा रु. १२ लाख १२ हजार ४ सय ५१ रुपैया विनियोजन गरेको छु।

**घ. वन, वातावरण तथा विपद व्यवस्थापन:**

वन; वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका लागि रु. ४० लाख ४१ हजार ५ सय ५ रुपैया विनियोजन गरेको छु।जस अन्तर्गत

- वन तथा जैविक विविधता संरक्षणमा रु. २ लाख २० हजार ७५ रुपैया,
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा रु. १८ लाख १८ हजार ६ सय ७७ रुपैया,
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा रु. ६ लाख ६ हजार २ सय २५ रुपैया र
- विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलतामा रु. १४ लाख १४ हजार ५ सय २६ रुपैया विनियोजन गरेको छु।

**ङ. संस्थागत विकास तथा सुशासन:**

संस्थागत विकास तथा सुशासन क्षेत्रका लागि रु. ४० लाख ४१ हजार ५ सय ५ रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत

- कानून, न्याय तथा सुशासनमा रु. १४ लाख १४ हजार ५ सय २६ रुपैया,
- सङ्गठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाहमा रु. १२ लाख १२ हजार ४ सय ५१ रुपैया,

- श्रोत परिचालनमा रु. ६ लाख ६ हजार २ सय २५ रुपैया र
- तथ्यांक प्रणाली र योजना व्यवस्थापनमा रु. ८ लाख ८ हजार ३ सय ०१ रुपैया विनियोजन गरेको छु।

**१३ वडा स्तरीय योजना तथा कार्यक्रमका लागि रु. ४ करोड ५१ लाख रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत**

- वडा नं १ को लागि रु. ५२ लाख २५हजार रुपैया,
- वडा नं २ को लागि रु. ५४ लाख ७४ हजार रुपैया,
- वडा नं ३ को लागि रु. ५५ लाख ८५ हजार रुपैया,
- वडा नं ४ को लागि रु. ५५ लाख ५९ हजार रुपैया,
- वडा नं ५ को लागि रु. ५५ लाख ८० हजार रुपैया,
- वडा नं ६ को लागि रु. ५७ लाख ९५ हजार रुपैया,
- वडा नं ७ को लागि रु. ५३ लाख ८५ हजार रुपैया र
- वडा नं ८ को लागि रु. ६५ लाख ६० हजार रुपैया विनियोजन गरेको छु।

१४ गाउँपालिकाभित्र निर्माण गर्नुपर्ने विभिन्न गौरवका आयोजनाहरु मुख्य सडकदेखि वडा कार्यालय जोड्ने सडकहरु, "क" वर्गमा वर्गिकृत गरिएका सडकहरु, अन्य महत्वपूर्ण सडकहरु, गाउँपालिकाको प्रशासकीय भवन निर्माण, वडा कार्यालय भवनहरुको निर्माण र स्तरोन्नति,गाउँपालिकाभित्र निर्माण गर्नुपर्ने पार्क तथा पर्यटन पूर्वाधारहरुको निर्माण, खानेपानी तथा सिंचाई योजना लगायत अन्य महत्वपूर्ण योजना तथा कार्यक्रमहरुका लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

१५ "सिरानचोक गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना" अभियानलाई पूरा गर्नको लागि यो वजेट सार्थक हुने विश्वास लिएको छु । संघ तथा प्रदेशबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, राजश्व वाँडफाँडको रकम तोकिएको समयमा प्राप्त हुने विश्वास लिएको छु ।

१६ प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट सिरानचोकवासीको समृद्धि, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारिता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्ष सिरानचोकको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा र सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छु । यस बजेट गाउँपालिकामा आवश्यक कार्ययोजना निर्माण गरी सबै सरोकारवाला र कर्मचारीहरुको सहकार्य र समन्वयमा प्रभावकारी रुपमा कार्य सम्पादन भई पूर्णरुपमा कार्यन्वयन हुनेमा विश्वस्त छु ।

१७ अन्तमा वजेट तर्जुमा कार्यमा मार्गनिर्देशन प्रदान गर्नुहुने गाउँसभाका अध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरु, बौद्धिक वर्ग तथा राष्ट्रसेवक कर्मचारीहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।